सुदूरपश्चिम प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
# जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय
दार्चुला

मिति :-२०८०।९।२२

प.सं. २०८०/८१ आ.प्र.
च.नं. :- ११८

विषय :– उपभोक्ता समिति गठन सम्वन्धमा ।

श्री लेकम गाउपालिका
१ नम्वर वडा कार्यालय दार्चुला ।

प्रस्तुत विषयमा यस कार्यालयको चालु आर्थिक वर्ष २०८०।८१ को स्विकृत वार्षिक कार्यक्रम अनुसार संचालनमा हुने तपशिलको योजनाको उपभोक्ता समिति गठन गर्नु पर्ने भएको हुदा तपशिलका शर्तहरुको अधिनमा रही उपभोक्ता समिति गठन गरि पठाई दिन हुन अनुरोध छ ।

क) योजनाको नाम र ठेगाना : १) तल्लो विनाखाली वरेसल्ला लिफ्ट सिचाई योजना लेकम १ दार्चुला दार्चुला

तपशिल :–

१) संलग्न सुचना कम्तिमा ७ दिन अगावै गाउपालिका/नगरपालिका र योजना कायान्वय हुने वडा कार्यालयको सुचना पाटीमा र सार्वजनिक स्थानमा सुचना टास गर्नु पर्ने । सुचना टासको जानकारी यस कार्यालयको **Email : wridd.darchula@sudurpashchim.gov.np** पठाउन हुन अनुरोध छ ।

२) उपभोक्ताहरुको अधिकतम सहभागितामा आम भेला गरी निर्णय गरेको हुनु पर्ने ।

३) उपभोक्ता समिति गठन गरेको माइन्युट संलग्न गर्नु पर्ने । उपभोक्ता समिति गठनमा उपस्थित सम्पुर्णको प्रष्ट मुखाकृती देखीने रंगिन फोटो संलग्न हुनु पर्ने ।

४)उपभोक्ता समिति गठन गर्दा सम्वन्धित स्थानिय तह वा वडाको जनप्रतिनिधीको रहोवरमा गठन गर्नु पर्ने ।

५) उपभोक्ता समितिमा कुनै पनि तहका जनप्रतिनिधी सदस्य रहन नहुने ।

६) उपभोक्ता समिति गठन गर्दा कम्तिमा ३३ प्रतिशत महिला सहित समावेशी सिद्धान्तका आधारमा गर्नु पर्ने ।

७) उपभोक्ता समितिका पदाधिकारी चयन गर्दा सामान्य लेखपढ गर्न सक्नेलाई प्राथमिकता दिनुपर्ने ।

८) उपभोक्ता समितिमा अध्यक्ष,सचिव र कोषाध्यक्ष मध्ये १ जना महिला पदाधिकारी अनिवार्य हुनु पर्ने

९) उपभोक्ता समिति गठन गर्दा सकेसम्म सर्वसम्मत तरिकाले गर्ने र सर्वसम्मत हुन नसकेमा वहुमतवाट उपभोक्ता समिति गठन गर्ने ।

१०) उपभोक्ता समितिको २ प्रति विधान सोही भेलावाट पारित गरी उपस्थित सम्पुर्ण प्रतिनिधीहरुको दस्तखत गराई कार्यालयमा पेश गर्नु पर्नेछ ।

( डम्वर प्रसाद धिताल )
डिभिजन प्रमुख

बोधार्थ :–
श्री लेकम गाउपालिका
गाउ कार्यापालिका कार्यालय
दार्चुला :– जानकारीको लागि अनुरोध छ ।

डिभिजन प्रमुख

Email : wridd.darchula@sudurpashchim.gov.np फोन नम्वर : ०९३४२०२२७ आर्थिक प्रशासन शाखा ०९३४२००४१